UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा
# संयुक्त राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनको प्रेस वक्तव्य

२०६४ फागुन २५ गते (८ मार्च २०६४)

नेपाल एउटा ऐतिहासिक क्षणबाट अगाडि बढिरहेका बेला हामी यस वर्षको अन्तर्राष्ट्रिय नारी दिवस मनाउँदै छौं । अहिले यहाँ समावेसी नेपाल, आर्थिक-सामाजिक परिवर्तन तथा लोकतान्त्रिक सङ्क्रमणका लागि महत्वपूर्ण खुट्किलो मानिएको संविधानसभाको चुनावको तयारी भइरहेको छ । यो यस लोकतान्त्रिक सङ्क्रमणका सबै पक्षमा सबै क्षेत्रका महिलाले नेतृत्वदायी भूमिका लिन सकून् भन्ने कुरा सुनिश्चित गर्ने अवसर पनि हो । हामी सबैलाई नेपाली महिला अधिकारकर्मीहरूले पटक पटक झक्झक्याइरहे जस्तै, यो हातबाट उम्किन दिनु नहुने अवसर हो ।

अन्तर्राष्ट्रीय नारी दिवसका लागि यस वर्षको विश्वव्यापी नारा "महिला र बालिकामा लगानी गरौँ" रहेको छ । सिद्धान्ततः यो लगानी मानव अधिकारको कुरा हो । यो महिला र पुरूष, केटा र केटी बीचको समानताको मौलिक हकको कुरा हो । यस अवसरमा महासचिव बान कि-मूनले सन्देश दिदैं भन्नु भएको छ, "लैंगिक समानता र महिला सशक्तिकरण हासिल गर्नु आफैंमा एउटा बृहत् उद्देश्य हो । यो एउटा स्वस्थ, शिक्षित, शान्त र समुन्नत समाजको निर्माणका लागि आवश्यक शर्त हो । महिलाहरूको पूर्ण सशक्तिकरण र सार्थक सहभागिताबाट सिङ्गै समाजको हित हुन्छ ।"

महिला र बालिकामा लगानी गरेर यो समानता हासिल गर्नका लागि, उनीहरू उपभोक्ता मात्र नभई आफैं नै निर्णायक भूमिकामा पुग्न जरूरी छ । महिला र बलिकाहरूमा गरिने लगानीलाई प्रभावकारी बनाउनका लागि राजनीतिमा महिलाको प्रतिनिधित्व र स्थानीयदेखि राष्ट्रियस्तरसम्मका निर्णय प्रकियामा उनीहरूको सहभागिता अत्यावश्यक छ । यो संविधानसभाको निर्वाचनमा तथा शान्ति प्रकियाका लागि स्थापना हुने आयोग एवं निकायहरूमा महिलाहरूको नियुक्तिका माध्यमबाट नेपालको शान्ति प्रकियाको मर्मका रूपमा रहेको समावेशीकरणको अवस्थामा पुग्ने सुवर्ण अवसर हो ।

विभिन्न पृष्ठभूमिका महिलाहरूले निर्णायक तहमा समान भूमिका खेलिरहेको अवस्थामा अत्यावश्यक प्राथमिकताहरूमा काम गर्नु विशेष प्रभावकारी हुनेछ । नेपालमा मानवअधिकारकर्मी र मानवअधिकार सम्बन्धी उच्चायुक्तको कार्यालयले महिला विरुद्धको बढ्दो हिंसाका बारेमा निरन्तर रूपमा प्रतिवेदन दिइरहेका छन् । साक्षरतादर र आर्थिक सशक्तिकरणमा अझै पनि महिला तथा बालिकाहरूको प्रतिनिधित्व न्यून रहेको छ । नेपालीहरूले शान्ति प्रकृयाप्रतिको प्रतिबद्धता पूरा गर्ने र यसको प्रतिफलको उपभोग गर्ने हो भने यी विषयहरूलाई सम्बोधन गर्ने काम सुरु गर्न जरूरी छ ।

विस्तृत शान्ति सम्झौताले महिला विरुद्ध गरिने भेदभाव लगायत सबै खाले भेदभावको अन्त्यका लागि दृढ प्रतिबद्धता व्यक्त गरेको छ । देशभरिका महिला र बालिकाको स्थितिमा परिवर्तन ल्याउन गरिएका प्रतिबद्धताहरूलाई नीति तथा कार्यक्रमका रूपमा कार्यान्वयन गर्न राजनीतिक इच्छाशक्तिका साथै रणनीतिक दूरदर्शिता र अरु धेरै क्रियाशीलताको आवश्यकता छ ।

शान्ति प्रक्रियाले नेपाललाई महिला र बालिकाका लागि लगानी गर्ने अनुपम अवसर प्रदान गरेको छ । राज्य-संयन्त्रहरूमा, शान्ति निर्माणका विभिन्न निकायमा तथा संविधानसभा निर्वाचन र संविधान निर्माणका सबै पक्षहरूमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व हुनसक्ने वातावरण बनाउनु नै हालको महत्वपूर्ण लक्ष्य हुनुपर्छ जसले नेपालको शान्ति प्रक्रिया, दिगो शान्ति स्थापना र प्रजातन्त्रको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने छन् । म सबै नेपालीलाई यस अवसरको सदुपयोग गर्न आग्रह गर्छु ।

BICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040